# जनता समाजवादी पार्टी, नेपाल

संघीय संसद, संसदीय दलको कार्यालय

सिंहदरवार, काठमाडौं ।


पत्र संख्या : ०८०।०८१

चं.नं.: २१

मिति २०८१।०२।०६

**सम्माननीय सभामुख ज्यू**

प्रतिनिधि सभा,

सिंहदरवार, काठमाडौं ।

श्री महासचिव

विषय:- जानकारी सम्बन्धमा।

सम्माननीय सभामुख ज्यू,

निर्वाचन आयोगमा दल नं० १५९ मार्फत दर्ता कायम रहेको **"जनता समाजवादी पार्टी, नेपाल"** का तर्फबाट यस संघीय संसदको सदस्य पदमा सुनसरी निर्वाचन क्षेत्र नं० १ बाट निर्वाचित मा.अशोक कुमार राई, सप्तरी निर्वाचन क्षेत्र नं० १ बाट निर्वाचित मा. नवल किशोर साह सुडी, समानुपातिक तर्फ मधेशी समूहबाट निर्वाचित मा.रञ्जु कुमारी झा, सिरहा निर्वाचनमा क्षेत्र नं० ४ बाट निर्वाचितमा मा. विरेन्द्र प्रसाद महतो, पर्सा निर्वाचन क्षेत्र नं० १ बाट निर्वाचित मा.प्रदीप यादव तथा समानुपातिक तर्फ मुस्लीम समूह बाट निर्वाचित मा हसीना .खान र आदिवासी/जनजाती समुहबाट निर्वाचित मा.सुशिला श्रेष्ठ समेत ७ जना, तथा राष्ट्रिय सभामा ३ जना र प्रतिनिधि सभामा अन्य ५ गरी कुल १५ जना सदस्यहरु यस **"जनता समाजवादी पार्टी, नेपाल"** का तर्फबाट संघीय संसदमा प्रतिनिधित्व हुदै आएको व्यहोरा सम्माननीय ज्यूलाई अवगत नै रहेकोछ ।

यस **"जनता समाजवादी पार्टी, नेपाल"** बाट संघीय संसदको सदस्यको हैसियतले प्रतिनिधित्व गरी रहनु भएका सदस्यहरु मध्येका ७ जना पुर्व माननीय सदस्यहरु (मा.*अशोक कुमार राई*, मा. *नवल किशोर साह सुडी*, मा. *रञ्जु कुमारी झा*, मा. *विरेन्द्र प्रसाद महतो*, मा.*प्रदीप यादव*, मा.*हसीना खान* र मा. *सुशिला श्रेष्ठ*) ले हाल प्रचलनमा नै नरहेको राजनीतिक दल सम्वन्धि ऐन, २०७३ (यस पछि "ऐन" भनि सम्वोधन गरिएको) को दफा ३३(२) र उक्त ऐनको दफा ३३(२) लाई सहजीकरणका लागि तर्जुमा गरिएको राजनीतिक दल सम्वन्धि नियमावली, २०७४ (यस पछि निमावली मात्र भनि सम्वोधन गरिएको) को दोश्रो संशोधन सहितको नियम ५ समेतका कानूनी व्यवस्थालाई अनुशरण गरी "छुट्टै नयाँ राजनीतिक दल" दर्ताका लागि मिति २०८१/१/२३ गते निर्वाचन आयोग समक्ष निजहरु स्वयम उपस्थित भइ दल दर्ताका लागि निवेदन दिइ सनाखत समेत गरी कायम नै नरहेको ऐनको दफा ३३(२) समेतको आधारमा यस दलकै नामसंग हुवहु मिल्ने गरी छुट्टै नयाँ दल **"जनता समाजवादी पार्टी"** दर्ता समेत गरी आएको विभिन्न समाचार माध्यमहरुबाट सम्पूर्ण नागरिकहरुलाई थाहा हुन गएको पनि सम्माननीय सभामुख ज्यूलाई अवगत नै रहेको छ।

# जनता समाजवादी पार्टी, नेपाल
संघीय संसद, संसदीय दलको कार्यालय
सिंहदरवार, काठमाडौं ।

पत्र संख्या :

च.नं.:

३५

तत्काल प्रचलनमा रहेको कानूनलाई सहजीकरण गर्न बनेको नियमावलीको प्रावधान, जुन हाल मुल दफा नै कायम नरहेको अवस्था छ, सो समेतको आधारमा निर्वचान आयोगद्वारा "जनता समाजवादी पार्टी" नामक दल दर्ता गर्ने गरी भएको कार्य समेत गैर कानूनी रहेकोले उक्त निर्णय लगायतका अन्य निर्णयहरु तथा सोको कार्यान्वयनको क्रममा भएको पत्राचार लगायतका सूचना र अन्य कार्यहरु समेत बदरका लागि सम्मानित सर्वोच्च अदालत समक्ष रिट नं० ०८०-WO-११९६ को रीट निवेदन दायर भै सम्मानित सर्वोच्च अदालतबाट मिति २०८१/२/२ गते प्रारम्भिक सुनवाई हुँदा **"मिति २०८१/०१/२४ को बैठकबाट भएका निर्णयहरु र सोका आधारमा भएका कामकर्वाहीहरु जहाँ जे जस्तो अवस्थामा छन सोही अवस्थामा यथास्थितिमा राखी मिति २०८१/२/८ मा छलफलको लागि उपस्थित हुनु"** भनि अन्तरीम आदेश जारी समेत भै आएको छ ।

यस दलबाट संघीय संसदको सदस्यका हैसियतले प्रतिनिधित्व गरी राख्नु भएको माथि उद्धृत ७ जना महानुभावहरु निज आफैले र आफू समेत संलग्न भई अर्को दल गठन गरेको हुँदा प्रचलित राजनीतिक दल सम्वन्धि ऐन, २०७३ को दफा ३२ को उपदफा (१) को खण्ड (ग) मा भै रहेको प्रावधान *"निज आफैले वा निज समेत संलग्न भई अर्को दल गठन गरेमा"* अनुसार स्वत: दल त्याग गरेको मानिने प्रष्ट कानूनी व्यवस्था तर्फ सम्माननीय सभामुख ज्यूको ध्यानाकर्षण गराउदै, कुनै पनि राजनीतिक दलको सदस्यता सम्बन्धित दलको विधानमा गरिएको प्रावधानको अधिनमा रही कुनै पनि सदस्यले कुनै पनि बखत त्याग गर्न पाउने छुट ऐनको दफा ३० को उपदफा (१) र (२) ले गरेको भए तापनि, *कुनै दलको तर्फबाट उम्मेदवार भई निर्वाचित भएको सघीय संसदको सदस्य, प्रदेश सभाको सदस्य वा स्थानीय तहको सदस्यले त्यस्तो पदको पदावधि कायम रहेसम्म जुन दलको उम्मेदवार भई निर्वाचित भएको हो, त्यस्तो दल त्याग गर्न नपाउने बाध्यात्मक व्यवस्था* सोही ऐनको दफा ३१ को उपदफा (१) ले गरेको हुँदा, आफ्नो मनोमान (ऐनको दफा ३२(१) को खण्ड (ग) अनुसार) दल त्याग गर्न पाउने छुट ऐनको दफा ३१(१) अनुसार निर्वाचित सदस्यलाई नरहेको तर्फ पनि सम्माननीय सभामुख ज्यूको ध्यानाकर्षणका लागि अनुरोध छ ।

अपवादको रुपमा निश्चित शर्त पुरा गरी दल त्याग गरेमा "दल त्याग गरेको नमानिने" सम्बन्धी व्यवस्था सोही ऐनको दफा ३३ को उपदफा (१) को विभिन्न खण्डहरुमा गरिएको भएपनि र दफा ३२ को उपदफा (१) को खण्ड (ग) - *"निज आफैले वा निज समेत संलग्न भई अर्को दल गठन गरेमा"* मा गरिएको प्रावधानबाट विशेष उन्मुक्ति दिने गरी दफा ३३ को उपदफा (२) मा कानूनी व्यवस्था भै रहेकोमा र सो दफा ३३(२) निष्कृय भएपश्चात कसैले आफू निर्वाचित भै रहेको दललाई त्याग गरी अर्कै राजनीतिक दल गठन गरेमा, दल त्याग गरेको नमानिने सम्बन्धी कानूनको अभावमा "विशेष उन्मुक्ति" प्राप्त भै नरहने कानूनी व्यवस्था तर्फ पनि सम्माननीय सभामुख ज्यूको ध्यानाकर्षण गराउन चाहन्छौ ।

३५

# जनता समाजवादी पार्टी, नेपाल

संघीय संसद, संसदीय दलको कार्यालय

सिंहदरवार, काठमाडौं ।


पत्र संख्या :

च.नं.:

नियमावलीको नियम ५ (जस्ले छुट्टै राजनीतिक दल दर्ताको प्रकृयालाई सहजीकरण सम्मको कार्य गर्ने हो) वा अरु कुनै नियम वा ऐनकै अन्य कुनै दफाले दफा ३२(१)(ग) अनुसार अर्को दल गठन गरी पहिलाको दल त्याग गरी गएका व्यक्तिको संघीय संसदको सदस्यको पद कायम नै रही रहने गरी "विषेश उन्मक्ति" दिने कानून वर्तमानको समयमा विद्यमान नरहेको र ऐनको दफा ३१ को उपदफा (२) ले ***"उपदफा (१) प्रतिकूल हुने गरी कुनै सदस्यले दल त्याग गरेमा निज निर्वाचित भएको पद निजले दल त्यागेको मितिदेखि स्वत: रिक्त भएको मानिनेछ "*** भनि प्रष्ट एवं किटानी कानूनी व्यवस्था भै रहेको अवस्थामा तथा सम्मानित सर्वोच्च अदालतबाट "निर्वाचन आयोगबाट **मिति २०८१/०१/२४ को बैठकबाट भएका निर्णयहरु र सोका आधारमा भएका कामकर्वाहीहरु जहाँ जे जस्तो अवस्थामा छन सोही अवस्थामा यथास्थितिमा राख्न"** आदेश समेत जारी भै सकेको परिप्रेक्षयमा यस दलबाट निर्वाचित भएका र हाल दल त्याग गरि गएका सदस्यहरुको दफा ३१(२) अनुसार स्वत: यस प्रतिनिधि सभाको पद रिक्त हुन गएकोले, संघीय संसदको सदस्य पदमा सुनसरी निर्वाचन क्षेत्र नं० १ बाट निर्वाचित अशोक कुमार राई, सप्तरी निर्वाचन क्षेत्र नं० १ बाट निर्वाचित नवल किशोर साह सुडी, समानुपातिक तर्फ मधेशी समूहबाट निर्वाचित रञ्जु कुमारी झा, सिरहा निर्वाचन क्षेत्र नं० ४ बाट निर्वाचित विरेन्द्र प्रसाद महतो, पर्सा निर्वाचन क्षेत्र नं० १ बाट निर्वाचित प्रदीप यादव तथा समानुपातिक तर्फ मुस्लीम समूह बाट निर्वाचित हसीना खान र आदिवासी/जनजाती समुहबाट निर्वाचित सुशिला श्रेष्ठ समेतलाई सम्माननीय प्रधानमन्त्रीले लिने विश्वासको मतको प्रकृया लगायत प्रतिनिधि सभाको कुनै पनि गतिविधिहरुमा सम्मानित सर्वोच्च अदालतबाट अन्तिम आदेश नआउञ्जेल सामेल गराउन नमिल्ने भएकोले सो व्यहोराको सुचित सहित जानकारी गराउदै सम्मानित सर्वोच्च अदालतको अन्तरीम आदेश समेतको पालनाको लागि हार्दिक अनुरोध छ ।

सर्वोच्च अदालत दर्ता भएको रिट निवेदन तथा अन्तरीम आदेशको प्रतिलिपी यसैसाथ संलग्न छ ।

..........................................

**उपेन्द्र यादव**

संसदीय दलको नेता,

जनता समाजवादी पार्टी नेपाल,